बहालवालालाई सूचना:

कोभिड-१९ को महामारीको अवधिमा तपाईंले आम्दानी गुमाउनुभएको छ वा तपाईंका खर्चहरू बढेको थियो वा बसाइ-सराइ गर्दा गम्भीर बिमारीको कारणले तपाईं वा तपाईंको परिवारको सदस्यमा स्वास्थ्यसम्बन्धी गम्भीर जोखिम भएको वा निश्चित चिकित्सा अवस्थाको कारणले कोभिड-१९ रोगबाट मृत्यु भएको छ र तपाईंले यो विपत्तिको घोषणापत्रमा हस्ताक्षर गरी यो पत्र आफ्नो घरधनीलाई दिनुभएको छ भने भाडा नतिरेको कारणले वा आफ्नो लिजको म्याद समाप्त भएपछि पनि घर नछोडेको कारणले तपाईंलाई जनवरी १५, सन् २०२२ सम्म सुरक्षित गर्न सकिन्छ। तपाईंको घरधनीले तपाईंलाई घरबाट निकाल्ने मुद्दा दायर गर्नुभयो र तपाईंले घरधनी वा अदालतलाई यो फारम पेश गर्नुभयो भने, तपाईंको घरधनीले तपाईंको विपत्तिको घोषणापत्रलाई चुनौती दिने मुद्दामा स्थानान्तरण नगरेसम्म घरबाट निकालिने कारबाहीको मिति जनवरी १५, सन् २०२२ सम्म सारिने छ। अदालतले तपाईंको विपत्तिको दाबी मान्य रहेको कुरा फेला पार्‌यो भने घरबाट निकालिने कारबाहीलाई जनवरी १५, सन् २०२२ सम्म सारिने छ। घरबाट निकालिने कारबाहीको मिति सारिएको अवस्थामा घर/फ्लाट तपाईंको स्वामित्वतामा रहने छ। तपाईंले सम्पत्तिको गम्भीर क्षति हुने काम गर्नुभयो भने वा तपाईं अरू बहालवाला वा घरमा बस्ने व्यक्तिहरूको घरको उपयोग र घरमा आनन्दसँग बस्न पाउने अधिकार गम्भीर रूपमा उल्लङ्घन गर्ने जस्ता व्यवहारमा निरन्तर र बिनाकारण संलग्न भइरहनु भयो वा अरुलाई गम्भीर सुरक्षा जोखिममा पार्नुभयो भने तपाईंलाई अझै पनि लिज (बहाल) को उल्लङ्घन गरेको ठहर गरी घरबाट निकाल्न सकिने छ।

तपाईंको घरधनीले यो फाराम तपाईंलाई दिनुभएको छ भने तपाईंको घरधनीले तपाईंलाई यो फाराम फिर्ता पठाउने हुलाक ठेगाना र इमेल ठेगाना पनि पक्कै दिनुभएको हुन सक्छ। तपाईंको घरधनीले यसअघि नै तपाईं विरुद्ध घरबाट निकाल्ने अदालती कार्यवाही सुरु गर्नुभएको छ भने तपाईं यो फाराम जुनसुकै समयमा आफ्नो घरधनी, अदालत वा दुवैलाई फिर्ता पठाउन सक्नुहुन्छ। तपाईंले हस्ताक्षर गरिएको फारामको प्रतिलिपि वा तस्विर आफ्नो अभिलेखको लागि राख्नुपर्छ। तपाईंले अझै पनि कुनै तिर्न बाँकी भाडा भएमा सो भाडा भुक्तानी गर्नु पर्ने छ। तपाईंले कति रकम भुक्तानी गर्नुभयो र अब तिर्न बाँकी कति छ भन्ने कुराको यथार्थ हिसाब राख्नुपर्छ।

तपाईंलाई उपलब्ध हुन सक्ने कानूनी स्रोतहरूका बारेमा थप जानकारीका लागि तपाईं न्यूयोर्क सहरमा बस्नुहुन्छ भने www.nycourts.gov/evictions/nyc/ मा जानुहोस् वा ७१-५५७-१३७९ मा फोन गर्नुहोस् वा तपाईं न्यूयोर्क सहरभन्दा बाहिर बस्नुहुन्छ भने www.nycourts.gov/evictions/outside-nyc/ मा जानुहोस् वा तपाईं न्यूयोर्क सहरबाहिर बसोबास गर्नुहुन्छ भने स्थानीय बार एसोसिएसन वा कानूनी सेवा प्रदायकलाई फोन गर्नुहोस्। तपाईं विगतमा आर्थिक सहायताको लागि योग्य नभएता पनि तपाईंका लागि आर्थिक सहायता उपलब्ध हुन सक्छ। तपाईंले निवेदनसम्बन्धी जानकारीका लागि आफ्नो स्थानीय आवास सहायता कार्यालय वा अस्थायी र असक्षमता सहायता कार्यालय (OTDA) मा सम्पर्क गर्नुपर्छ।

Index Number (if known/applicable): _____

County and Court (if known/applicable): _____

कोभिड-१९ को महामारीको अवधिमा बहालवालाको विपत्तिको घोषणापत्र

म भाडा, प्रयोग र ओगटेको ठाउँको भाडा रकम वा (निवास-स्थानको ठेगाना) मा भएको लिज वा बहाल सम्झौताअन्तर्गतको अन्य कुनै वित्तीय दायित्व वहन गर्ने बहालवाला, कानूनी निवासी वा अन्य व्यक्ति हुँ।

तपाईंले तल विकल्प "A" वा "B" वा दुवै चयन गरेर घरबाट निकाल्ने कार्यबाट सुरक्षित रहने आफ्नो योग्यता रहेको कुरा बताउनु पर्छ।

☐ A. म वित्तीय कठिनाइको अवस्थामा छु र निम्नमध्ये एउटा वा धेरै कारणले गर्दा लिजअन्तर्गतको पूरा भाडा रकम वा अन्य वित्तीय दायित्वहरू भुक्तानी गर्न वा वैकल्पिक उपयुक्त स्थायी आवास पाउन असमर्थ छु:

१. कोभिड-१९ को महामारीको अवधिमा घरायसी आम्दानी अत्याधिक रूपमा गुमेको।

२. कोभिड-१९ को महामारीको अवधिमा अत्यावश्यक कामसँग सम्बन्धित वा स्वास्थ्यका प्रभावहहरूसँग सम्बन्धित खर्चहरूका आवश्यक व्यक्तिगत खर्चहरूमा वृद्धि भएको।

३. कोभिड-१९ को महामारीको अवधिमा बालस्याहारका जिम्मेवारी वा वृद्ध-वृद्धा, असक्षमता भएका वा परिवारका बिरामी सदस्यलाई स्याहार गर्ने जिम्मेवारीहरूले म वा मेरो परिवारको कोही सदस्यको अर्थपूर्ण रोजगारी प्राप्त गर्ने वा आय आर्जन गर्ने क्षमतामा नकारात्मक रूपमा असर परेको वा मेरा अत्यावश्यक व्यक्तिगत खर्चहरूमा वृद्धि भएको।

४. कोभिड-१९ को महामारीको अवधिमा घर सर्नेसम्बन्धी खर्चहरू र वैकल्पिक आवास सुरक्षित गर्ने कठिनाइले मलाई अर्को आवासमा पुनर्स्थापित हुन कठीन बनाएको।

५. कोभिड-१९ को महामारीसँग सम्बन्धित अन्य परिस्थितिहरूले मेरो अर्थपूर्ण रोजगारी प्राप्त गर्ने वा आय आर्जन गर्ने क्षमतामा नकारात्मक रूपमा असर गरेको वा मेरो घरायसी आम्दानी अत्याधिक घटाएको वा मेरा खर्चहरू अत्याधिक बढाएको।

मैले मेरो घरायसी आम्दानी गुमाएको वा बढेका खर्चहरूको हद्सम्म कोभिड-१९ को महामारीको सुरुवातदेखि मैले प्राप्त गरेका बेरोजगारी बीमा, महामारी बेरोजगारीसम्बन्धी सहायता, असक्षमता बीमा वा तलबी पारिवारिक बिदासहितका जुनसुकै सार्वजनिक सहायता रकमले मेरो घरायसी आम्दानी गुमेको वा बढेका खर्चहरू पूर्ण रूपमा मिलान गर्न नसकेको।

☐ B. म वा मेरो घरका परिवार सदस्यहरूमध्ये एक वा एकभन्दा धेरैजना सदस्य पैंसठ्ठी वर्षभन्दा बढी उमेरको भएको, असक्षमता भएको वा निश्चित दीर्घकालीन चिकित्सा अवस्था भएको र प्रतिरक्षा प्रणाली खराब भएको लगायतका कारणले कोभिड-१९ रोगबाट गम्भीर रूपमा बिमारी हुने वा मृत्यु हुने बढ्दो जोखिम भएकाले घर-परिसर खाली गर्ने र नयाँ स्थायी आवासमा सर्ने कार्यले स्वास्थ्यसम्बन्धी गम्भीर जोखिम निम्त्याउन सक्ने छ।

मैले मेरो बहाल सम्झौता, लिज सम्झौता वा यस्तै खालका करारअन्तर्गतका कानूनी सर्तहरू पूर्ण रूपमा पालना गर्नुपर्छ भन्ने म बुझ्दछु। यसका साथै मेरो बहाल सम्झौता, लिज सम्झौता वा अन्य यस्तै करारअन्तर्गतका भाडा रकम पूरा तिर्न नसकेको वा अन्य वित्तीय दायित्वहरू पूरा गर्न नसकेको कारणले कानूनी शुल्क, जरिवाना वा ब्याजहरू अझै पनि लगाइन वा सङ्कलन गर्न सकिन्छ र म विरुद्ध मौद्रिक जरिवाना लगाइन सक्छ भन्ने पनि बुझ्दछु। साथै मेरो घरधनीले यहाँ विपत्तिको प्रमाणपत्रलाई चुनौती दिने गरी सुनुवाई अनुरोध गर्न सक्छ र मैले आफ्नो बसोबाससम्बन्धी कुनै पनि कारबाहीमा सामेल हुने अवसर पाउने छु भन्ने कुरा बुझेको छु। यसका साथै मेरो घरधनीले जनवरी १५, सन् २०२२ पछि घर खाली गराउने वा घरबाट निकाल्ने प्रक्रिया सुरु गर्न सक्ने छन् र उक्त समयमा कानूनले यस घोषणापत्रमार्फत उपलब्ध भएकाभन्दा भिन्न निश्चित सुरक्षाहरू दिन सक्छ भन्ने बुझ्दछु।

हस्ताक्षर गरिएको: _____

स्पष्ट लेखिएको नाम: _____

हस्ताक्षर गरिएको मिति: _____

सूचना: तपाईं झूटो जानकारी उल्लेख गरेको भएमा कानूनद्वारा सजाय भोग्न तयार भई यस फाराममा हस्ताक्षर गरी पेश गर्दै हुनुहुन्छ। अर्थात यस फाराममा आफूलाई गलत हो भन्ने थाहा भएको कथन उल्लेख गर्नु कानूनको विरुद्ध हुन्छ।।